बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८२/८३
सूचना नं. : ३१

## निवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

(सूचना प्रकाशित मितिः २०८२/०५/२३)

प्रस्तुत विषयमा यस बलेफी गाउँपालिकाको आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रममा स्थायी शिक्षक अनिवार्य अवकाश हुँदा राष्ट्रिय किताबखाना (शिक्षक) बाट उपदान रकम प्राप्त गर्न नसकेका र स्थायी सेवामा कम्तिमा २ वर्ष सेवा गरेका निवृतिभरणबाट बञ्चित भएका शिक्षकलाई नगद सहित सम्मान गर्ने नीतिअनुरुप गाउँ कार्यपालिका बैठकको मिति २०८२/०५/२२ गतेको निर्णय अनुसार विभिन्न मितिमा शिक्षक पेशामा अस्थायी नियुक्ति भई अविछिन्न सेवा गरेका र २०७५ सालमा शिक्षक सेवा आयोगले लिएको अस्थायी सेवामा कार्यरत शिक्षक कर्मचारीहरुको लागि आन्तरिक प्रतियोगितात्मक परीक्षा उत्तीर्ण भई स्थायी नियुक्ति भएका र उमेरहदको कारणले आ.व. ०८१/८२ मा अनिवार्य अवकाश भई निवृतिभरण/उपदान प्राप्त गर्न नसकेका बलेफी गाउँपालिकाभित्रका सामूदायिक विद्यालयमा कार्यरत रहँदाकै अवस्थामा उमेरहदका कारणले अनिवार्य अवकाश लिएका बलेफी गाउँपालिका स्थायी ठेगाना भएका शिक्षकहरुलाई राष्ट्रिय शिक्षक दिवस, २०८२ मा आवश्यक कागजात प्रमाणको आधारमा गाउँपालिकाले सम्मान स्वरुप रु. १,५०,०००/-(अक्षरुपि एक लाख पचास हजार रुपैयाँ मात्र) रकम सहित सम्मान गरिने भएकोले सम्बन्धित अवकाश प्राप्त शिक्षकहरुले ७ दिनभित्र गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा तपसिलका कागजात सहित निवेदन पेश गर्नका लागि गाउँपालिकाबाट यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः-

- आ.व. ०८१/८२ मा उमेरहदका कारणले अनिवार्य अवकाश भएको पत्र,
- राष्ट्रिय किताबखाना (शिक्षक) बाट निवृतिभरण र उपदान दुबै नपाएको पत्र,
- नेपाली नागरिकताको प्रमाणपत्र,
- अस्थायी नियुक्ति भएको नियुक्ति पत्र,
- स्थायी नियुक्तिको लागि शिक्षक सेवा आयोगको सिफारिस पत्र,
- स्थायी नियुक्ति पत्र,
- विद्यालयमा हाजिरी भएको पत्र,
- सम्बन्धित शिक्षकको बैङ्क खाता र स्थायी लेखा नं. को विवरण,
- सम्बन्धित शिक्षकको सक्कल निवेदन पत्र,

.......................
(लोकेन्द्र बहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत

फोन नं: ०११-४००५३६,०११-४००५३८ ०११-४००५३९ इमेलः balephi2017@gmail.com वेबसाइटः https://www.balephimun.gov.np
फेसबुकः www.facebook.com/balephiruralmunicipality